annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३४१, पृष्ठ ८ | काठमाडौं, सोमबार ७ वैशाख २०८३ | वैशाख शुक्लपक्ष तृतीया, नेपाल संवत् ११४६ | MONDAY, APRIL 20, 2026 | काठमा… …ल र कोहलपुरबा… …शित | मूल्य : … १२

आवरण समाचार

## हतारमा पक्राउ, भटाभट रिहा




रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह नेतृत्वको झन्डै दुईतिहाइको बलियो सरकारका कामकारबाही रफ्तारमा छन् । कतिपय कामकारबाहीको प्रशंसा भइरहँदा प्रहरी प्रशासनसँग सम्बन्धित विषयहरू विवादित बनेका छन् । न्यायिक निकायबाट नै अनुसन्धान, अभियोजन र पटक-पटकको म्यादथप प्रतिप्रश्नहरू उठाइएका छन् । पक्राउ गरिएका आरोपीहरू भटाभट रिहा हुन थालेपछि अनुसन्धान र अभियोजनको औचित्यसँगै विधि र प्रक्रियाबारे बहस सिर्जना भएको छ ।

**दिनेश गौतम** | *काठमाडौं*

विस्तृत पृष्ठ २

पक्राउ परेर रिहा भएकाहरू

| नाम | अभियोग | पक्राउ | रिहा | अदालतको आदेश |
|---|---|---|---|---|
| दीपक खड्का | सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुर | २०८२ चैत १५ | २०८३ वैशाख ३ | पक्राउ पुर्जी र म्याद थप कानुन संगत देखिएन |
| केपी शर्मा ओली र रमेश लेखक | ज्यानसम्बन्धी कसुर | २०८२ चैत १४ | २०८२ चैत २६ | हिरासत मुक्त गरी थप अनुसन्धान तहकिकातको कार्य सम्पन्न गर्नू, गराउनू |
| रेखाकुमारी शर्मा | बालिकालाई यातना दिई दास बनाई राखेको | २०८२ चैत १६ | २०८२ चैत २२ | तथ्य पुष्टि गर्ने वस्तुनिष्ठ र निश्चयात्मक प्रतितलायक प्रमाण मिसिल संलग्न नदेखिएको |
| छविलाल रिजाल | ज्यानसम्बन्धी कसुर | २०८२ चैत १७ | २०८२ चैत १७ | जिम्मा जमानिमा रिहा गर्नू |

## फुटबाट जोगाउने उपाय खोज्दै गगन

**अन्नपूर्ण** | *काठमाडौं*







जटिल मोडमा पुगेको कांग्रेसको आन्तरिक राजनीतिको सहज अवतरणका लागि सभापति गगनकुमार थापाले प्रयास थालेका छन्। विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिलाई सर्वोच्च अदालतले आधिकारिकता दिएपछि अलग-अलग खेमा बनाएका नेताहरू पूर्णबहादुर खड्का र शेखर कोइरालालाई मनाउन प्रयास थालेका छन्।

अदालतको फैसलापछि पार्टी तीन ध्रुवमा यथावत् रहेपछि सभापति थापाले असन्तुष्ट रहेका नेताहरूलाई विश्वासमा लिन आइतबारदेखि गृहकार्य थालेका छन्। पार्टी फुटको संघारमा पुग्न सक्ने जोखिमका बीच सभापति थापाले आइतबार साँझ नै तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्कासँग भेटवार्ता गरे।

पार्टीमा देखिएको केही बेमेल हटाएर एकताका लागि पहल गर्न नेता खड्कासँग भेट गरेको सभापति थापाले बताए। 'पार्टीको बृहत्तर एकताका लागि सिनियर नेताहरूसँग संवाद सुरु गरेको छु,' सभापति थापाले भने। सर्वोच्च अदालतको निर्णयले पार्टीका सबैलाई एकताबद्ध बनाउँदै पार्टीलाई फेरि बलियो बनाउने साझा यात्रामा अघि बढ्ने वातावरण बनाएको उनको भनाइ थियो। थापाले पार्टीको १५औं महाधिवेशनको प्रक्रिया अगाडि बढिसकेको र महाधिवेशनलाई सफल पार्दै पार्टीलाई रूपान्तरण तथा सुदृढ बनाउने अवसरका रूपमा उपयोग गर्न आमकांग्रेस नेता कार्यकर्तालाई आह्वान गरे।

खड्काले आफ्नै निवास गल्फुटारमा आफू पक्षीय नेताहरूको छुट्टै भेला आयोजना गरी संस्थापन पक्षले एकताको कुनै पहल नगरेको गुनासो गरिरहेका बेला थापाले संवादको प्रयास गर्नु सुखद् भएको उनी निकट केन्द्रीय सदस्य अजयबाबु सिवाकोटीले बताए। भेटमा सभापति थापाले पार्टीलाई विधिअनुसार चलाउँदै गर्दा कसैलाई पनि पाखा लगाउने नियत नरहेको र सबैलाई समेटेर १५औं महाधिवेशनसम्म पुग्ने प्रतिबद्धता जनाएका छन्। 'फैसला आएपछि नै सभापतिले एकताका लागि सार्वजनिक आह्वान गर्नुभएको थियो,' सिवाकोटीले अन्नपूर्णसँग भने, 'उहाँले सार्वजनिक खपतका लागि मात्र आह्वान गर्नुभएको थिएन भन्ने पुष्टि भएको छ।' सिवाकोटीले सभापति थापाले संस्थापन भएका नाताले अग्रज र शीर्ष नेताहरूप्रति उच्च सम्मान र आदरसहित एकताको वातावरण बनाउन दाबी गरे।

» बाँकी पृष्ठ ६

## विश्वविद्यालयमा विद्यार्थी राजनीतिमा कडाइ




**अजवी पौड्याल** | *काठमाडौं*

विश्वविद्यालयहरूमा दशकौंदेखि जरा गाडेर बसेका राजनीतिक दलका विद्यार्थी संगठनका कार्यालय हटाउने निर्णय सरकारले गरेको छ। गत चैत २० गते शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेल र विभिन्न विश्वविद्यालयका उपकुलपतिहरूबीच भएको उच्चस्तरीय छलफलले यस्तो सहमति गरेको हो।

छलफलका क्रममा दलीय विद्यार्थी संगठनहरूले विश्वविद्यालयको शैक्षिक स्तर र वातावरणमा गम्भीर असर पुऱ्याएको निष्कर्ष निकालिएको थियो। बैठकको निर्णयअनुसार अब विश्वविद्यालयहरूले विद्यार्थी संगठनलाई कार्यालय सञ्चालनका लागि कुनै पनि कोठा, भवन वा जमिन उपलब्ध गराउने छैनन्।

» बाँकी पृष्ठ ६

